# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ चैत २०८१

# बुधवार

# बैठक सङ्ख्या- १७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२३ बजे प्रारम्भ भयो।

(१३:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।के होला माननीयज्यूहरु? के बोल्न खोज्नु भएको हो कि? उठ्न मात्रै खोज्नु भएको हो कि? के हो? जानकारी भएन। बोल्न खोज्या हो? ल आफ्ना विषय के हो सङक्षिप्तमा राख्नको लागि माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१३:२४ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदयज्यू, नेपाल सरकारले अस्ति ११ गते मन्त्रीपरिषद्को बैठकले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने निर्णय गरेको छ। कुलमान घिसिङ आउनुभन्दा अगाडि नेपालमा १८ घण्टा लोडसेडिङ थियो। त्यो १८ घण्टा लोडसेडिङ विद्युतको चुहावट र एउटा अन्धकारमा बसिराखेका नेपाली जनतालाई उज्यालो नेपाल दिने एउटा कुशल व्यवस्थापक, एउटा इमान्दार कर्मचारी जसले लाखौं लाख नेपाली जनतालाई अध्यारोबाट उज्यालो तर्फ लाने एउटा महत्वपूर्ण भूमिका खेलिराखेको कर्मचारी जसको सेवा अवधि पनि धेरै थिएन।

**सम्माननीय अध्यक्षः**- अरू माननीय त बसे भयो नि। उहाँले राख्दै हुनुहुन्छ विषय। अरु माननीय बसौं।

(१३:२५ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- चार महिना मात्रै बाँकी थियो। यो चार महिना मात्रै सेवा अवधि बाँकी हुँदैमा नेपाल सरकारलाई के त्यस्तो अप्ठ्यारो आइलाग्यो? नेपाल सरकारलाई कुलमान प्रति पूर्वाग्रही भइ राख्नुपर्ने सम्माननीय प्रधानमन्त्री, ऊर्जा मन्त्री लगायतका माननीयज्यूहरूलाई के त्यस्तो अप्ठ्यारो परिस्थिति आइपर्‍यो र उहाँहरूले कुलमानलाई हटाउने निर्णय गर्नुभएको छ। म र हामी हाम्रो पार्टीको तर्फबाट र हामी सम्पूर्ण प्रतिपक्षी दलको तर्फबाट म यस निर्णयको घोर भत्सर्ना गर्दछु र अहिलेको जुन परिस्थिति पनि त्यस्तै खालको छ। एउटा प्रतिगामी शक्तिहरू यो परिवर्तनलाई पछाडि फर्काउन खोजिराखेका छन्। र सरकारले गर्ने यस्तै खालका चाहिँ गतिविधिहरू जहाँ महङ्गी बढिरहेको छ। भ्रष्टाचार त्यसै गरी व्याप्त रुपमा बढिरहेको छ। र यस्तै इमान्दार कर्मचारी साथीहरूलाई लोडसेडिङ हटाएकोमा सरकारले पुरस्कृत गर्नुपर्ने कुलमान घिसिङलाई सरकारले दण्डित गर्नेछ। यस्तो खालको सरकारले गरेको हर्कतले गर्दा जुन एउटा प्रतिगामी शक्तिहरूले जुन परिवर्तनका विरुद्ध आवाज उठाइराखेका छन् र त्यो पक्षलाई पनि मलजल हुने खालको सरकारले जे निर्णय गरेको छ त्यो निर्णयको म घोर भत्सर्ना गर्दछु।

र अहिले पनि सडकमा त्यही खालको परिस्थिति बनिराखेको छ। प्रतिरोध जुलुसहरू भइराखेको छ। देश व्यापी विरोध पनि विरोध सभा र विरोधका कार्यक्रमहरू पनि भइराखेको स्थिति छ। यो कुरालाई पनि सरकारले मध्यनजर गरोस्। र म के निवेदन गर्न चाहन्छु भने सम्माननीय प्रधानमन्त्रीले जबसम्म आफ्नो तर्फबाट यो सदनमा आएर आफ्नो स्पष्टिकरण दिनुहुन्न तबसम्म यो सदन नचलाइयोस् भन्ने मेरो आफ्नो तर्फबाट र हामी सम्पूर्ण प्रतिपक्षी दलको तर्फबाट हार्दिक अनुरोध गर्न चाहन्छु। र मेरो भनाइ अन्त्य गर्न चाहन्छु। हवस् त नमस्ते।

(१३:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, सबैको तर्फबाट उभिने माननीयहरूको तर्फबाट माननीय गोपी बहादुर सार्की आछामीले आफ्ना धारणाहरू राखिसक्नु भएको छ, राख्नुभयो। यस विषयमा सभाको ध्यानाकर्षण भयो। माननीय सदस्यहरू, आफ्नो स्थानमा बसेर बैठक सञ्चालन गर्नको निम्ति सहयोग गर्नु म आग्रह गर्दछु। यहाँहरुले राखेका विषय प्रति सभाको गम्भीर ध्यानाकर्षण भएको छ। र बसेर यो बैठकलाई सञ्चालन गर्नको निम्ति

सहयोग गर्न म विशेष आग्रह गर्न चाहन्छु।माननीय सदस्यहरू, बस्नुहोस्। बैठकलाई अगाडि बढाऔं।

माननीय सदस्यहरू, हाम्रो यो राष्ट्रिय सभाको विगत देखिकै एउटा परम्परा पनि छ। र हामीले एउटा राम्रो अभ्यास पनि गरेर आएका छौं। हामीले हरेक कामहरू गर्दा सभा सञ्चालन गर्दा, सभा सहमति कै आधारमा हामीले गरि राखेकै छौं। गरेकै छौं। र त्यो स्थितिमा हामीले त्यो परम्परालाई त्यो हाम्रो स्थितिलाई कायम राख्न पनि म विशेष आग्रह गर्न चाहन्छु। मलाई लाग्छ जति सुकै ठुला समस्या आएपनि हामीले समाधान गरेरै अगाडि बढिराखेका छौं। अहिलेसम्म त्यहीं ढङ्गले हामी एउटा सहमति कै आधारमा अगाडि बढेको पनि हाम्रो स्थिति हो। त्यसले गर्दा यहाँहरुले राखेका विषयमा एकदम गम्भीर ध्यानाकर्षण भएको मैले अघि नै बताइसकें। त्यसले गर्दा यो बैठक सञ्चालन गर्नको निम्ति, सहयोग गर्नको निम्ति म विशेष फेरि पनि आग्रह गर्दछु। माननीय सदस्यहरू, बस्नुहोस्। र कार्यक्रमलाई अगाडि बढाऔं।

यहाँहरूले राखेका विषय मलाई लाग्छ सरकार पनि गम्भीर ध्यानाकर्षण भइसकेकै छ। त्यो आवाज पुगिसकेकै छ भन्ने लाग्छ मलाई। त्यसैले गर्दा अब यो विषयमा अब हाम्रो पनि यहाँ ध्यानाकर्षण भएको छ। हामी चाहिँ गम्भीरताका साथ यो विषयमा हामी पनि कुरा गर्छौं। अहिले बसौं र बैठक सञ्चालन गर्नको लागि सहयोग गर्नुस्। म फेरि पनि आग्रह गर्न चाहन्छु।

माननीय सदस्यहरू, माननीय सदस्यहरूले उठाएका विषयमा गम्भीर ध्यान गएको छ। र यसलाई उचित ढङ्गले समाधान हुन्छ भन्ने कुरा राखिएता पनि माननीय सदस्यहरू आफ्नो स्थानमा आसनग्रहण गर्नु भएन। त्यसले गर्दा यो बैठक अहिलेलाई १५ मिनेटको लागि स्थगित हुन्छ।

**स्थगितः १५:५८ बजे।**

# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ चैत २०८१

# बुधवार

# बैठक सङ्ख्या- १७

# (दोस्रो बैठक)

(१५:५४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, मैले केहीँ बोलेकै छैन। मैले के बोल्छु। कति हतार गर्नुभएको। कमसेकम यो पाठ गरुन जेलत नउब्भिदिनुहोस्।

माननीय सदस्यहरू, सूचनाद्वारा अपराह्न ३ बजेर ४५ मिनेटमा बस्ने गरी निर्धारण गरिएको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, यहाँहरूले जुन विषय सभामा राख्नु भएको छ। जुन गम्भीरताका साथ राख्नु भएको छ। त्यहीं गम्भीरताका साथ सभाले लिएको छ भन्ने यहाँहरूले बुझ्नु भएकै होला जस्तो लाग्छ। यो बिचमा २/३/४ घण्टा कै बिचमा धेरै चरणको कुरा पनि गर्‍यौं। त्यस्ले गर्दा मैले के आग्रह गरें भने माननीय सदस्यहरू आफ्नो स्थानमा बसिदिनुहोस्। गम्भीरताका साथ ध्यानाकर्षण भएको छ। अब यो कुरा यहाँ हामीमा जति गम्भीरताका साथ भएको छ। सायद सम्बन्धित ठाउँमा पनि त्यहीं गम्भीरताका साथ पुगेको मैले अनुभूत गरेको छु। कुरागर्दा त्यसले गर्दा यो कार्यवाहीलाई अगाडि बढाऔं। आजको बैठकको कार्यवाहीलाई। र चाहिँ यो बैठक अगाडि बढाउन सहयोग गर्न विशेष आग्रह गर्दछु। माननीय सदस्यहरू, आ-आफ्नो स्थानमा बसिदिनुहुन आग्रह गर्दछु।

फेरि पनि माननीय सदस्यहरू बसेर यो बैठकलाई अगाडि बढाउनु हुन सहयोग गर्नु विशेष आग्रह गर्छु।

अब माननीय सदस्यहरू, यो राष्ट्रिय सभामा म आउनु भन्दा पहिला आउने पुराना माननीय सदस्यहरू नि हुनुहुन्छ। यसलाई कसरी अगाडि बढाउने के हो यसको मर्म म चाहिँ भन्ने कुरा पनि हामी सबैले बुझेका छौं। हाम्रा कतिपय अप्ठ्याराहरूलाई पनि सहजीकरण गरेर जाने हामीले एउटा परम्परा पनि छ। त्यसकारण मेरो त विशेष आग्रह हो माननीय सदस्यहरू। बसौं हाम्रा कतिपय समस्या छन् भने इन्डोर बसेरै छलफल गरेरै हामी टुङ्ग्याएर जान सक्छौं। यो सदन अवरोध गरेर मात्रै समस्या हल हुन्छ भन्ने परम्पराको अन्त्य गर्न राष्ट्रिय सभा कसियो भने सकिन्छ जस्तो लाग्छ मलाई। यस मानेमा मैले फेरि पनि विशेष आग्रह गरें माननीय सदस्यहरू बसेर यो बैठकलाई अगाडि बढाउनको निम्ति सहयोग गरिदिनको निम्ति अनुरो गर्दछु।

माननीय सदस्यहरू, निरन्तर आग्रह गर्दा पनि बैठकमा अवरोध कायमै रहेकोले अर्को बैठक मिति २०८१ साल चैत्र १४ गते बिहीबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल चैत्र १४ गते बिहीबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगितः १५:५८ बजे।